# राष्ट्रिय मानव अधिकार आयोग
National Human Rights Commission of Nepal
केन्द्रीय कार्यालय (Central Office)
हरिहर भवन, पुल्चोक, ललितपुर (Harihar Bhawan, Pulchowk, Lalitpur, Nepal)


## प्रेस विज्ञप्ति

(आमसञ्चारका माध्यममा तत्काल उपयोगको लागि)

२०७१ असोज ८ गते

# उपभोक्ताको अधिकार सुनिश्चित गर

नेपालीहरूको चाडवाड नजिकिँदै गएको बेलामा बजारमा म्याद नाघेका खाद्यसामग्री बिक्री भइरहेको, वस्तुको नापतौलमा उपभोक्ता ठगिएको, तोकिएको मूल्यभन्दा निकै बढीमा खाद्यान्न तथा अन्य वस्तु बिक्री भइरहेको, मूल्य-सूची नटाँसिएको, कतिपय स्थानमा नेपाल सरकारले खटाएको अनुगमन टोलीलाई अनुगमन गर्न नदिइएको, केही जिल्लामा खाद्यान्न अभाव भएकोजस्ता खबरहरूप्रति राष्ट्रिय मानव अधिकार आयोगको ध्यानाकर्षण भएको छ ।

लोकतान्त्रिक परिपाटीलाई मजबुत तुल्याउन सबैले विधिको शासनलाई अनिवार्य रूपमा पालना गर्नुपर्ने भएकोले सरकारले अघि बढाएको कानुनसम्मत अनुगमन प्रक्रियालाई उच्चतम सदासयताका साथ सहयोग गर्न र सही मूल्यमा उपयुक्त वस्तु तथा सेवा उपभोग गर्न पाउने उपभोक्ताको अधिकारको सम्मान गर्न आयोग उद्योगी-व्यापारीलगायत सबै सरोकारवालाहरूसँग आग्रह गर्दछ ।

खाद्यान्न अभाव भएका जिल्लाहरूमा तुरुन्त गुणस्तरीय खाद्यवस्तु उपलब्ध गराई नागरिकको खाद्य अधिकार सुनिश्चित गर्न तथा उपभोक्ताहरूको मानव अधिकार गर्न सबै जिल्लामा प्रभावकारी तथा नियमित ढङ्गमा अनुगमनको व्यवस्था आयोग सरकारको ध्यानाकर्षण गर्दछ ।

बजारमा देखिएको अव्यवस्था र मनोमानीलाई निराकरण गर्न अनुगमन कार्यलाई केन्द्रदेखि स्थानीय तहसम्म व्यापक रूपमा अघि बढाउन, यसलाई वर्षैभरि निरन्तरता दिन र उपभोक्ताको हितविपरीत कार्यमा संलग्न वस्तु तथा सेवा प्रदायकहरूलाई कानुनी कारबाहीको दायरामा ल्याउन पनि आयोग सरकारसँग आग्रह गर्दछ ।

वेदप्रसाद भट्टराई
कामु सचिव